# कर्जन्हा नगरपालिका

# स्थानिय राजपत्र

खण्ड १ संख्या ८ प्रकाशन मिति : २०७९।१२।१५ गते

## भाग - १

## <u>कर तथा गैर कर राजश्व लगाउने र उठाउने सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०७९</u>

**<u>प्रस्तावना:</u>** नेपालको संविधानवाट नगरपालिकालाई प्राप्त अधिकारलाइ पारदर्शी, न्यायोचित र वैज्ञानिक तवरले व्यवस्थित गर्दै थप प्रभावकारी रुपमा कार्यान्वयन गरि नगरवासीलाई दिने सेवा प्रवाह र विकास निर्माण गर्न सक्ने क्षमतामा सुधार ल्याउन वाञ्छनिय भएकाले,

नेपालको संविधानको अनुसुची ८ मा भएको स्थानीय तहको एकल अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरि नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम कर्जन्हा नगर सभाले यो ऐन बनाएको छ।

### परिच्छेद १

### <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम “कर्जन्हा नगरपालिकाको कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७९” रहेको छ।

(२) यो ऐन कर्जन्हा नगरपालिका भर लागू हुनेछ र यस कानून बमोजिमको कर वा राजश्व बुझाउनु

पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ ।

(३) यो तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) **"कम्पनी"** भन्नाले प्रचलित नेपाल कानून बमोजिम संस्थापन भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले प्रचलित नेपाल कानून बमोजिम स्थापित संगठित संस्थालाई जनाउँछ ।

(ख) **"कर"** भन्नाले परिच्छेद ४ बमोजिम लागेको वा लाग्ने कर सम्झनु पर्छ ।

(ग) **"कर अधिकृत भन्नाले"** भन्नाले प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्जन्हा नगरपालिकाको राजश्व शाखा तथा उपशाखा हेर्ने जिम्मेवारी पाएको अधिकृत स्तरको कर्मचारी सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्न जिम्मेवारी पाएको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने कर्जन्हा नपाको कर्मचारीलाई समेत जनाउँछ ।

(घ) **"कर एकाई "** भन्नाले कर्जन्हा नगरपालिकामा कर सम्बन्धी काम, कारबाही र निर्णय गर्ने शाखा, उपशावा वा संरचना सम्झनु पर्छ ।

( ङ ) **"करदाता"** भन्नाले कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ ।

(च) **"कर निर्धारण"** भन्नाले कर निर्धारण सम्झनु पर्छ र सो शब्दले पुनः कर निर्धारण र अतिरिक्त कर निर्धारणलाई समेत जनाउँछ ।

(छ) **"गैरकर राजश्व"** भन्नाले परिच्छेद १४ बमोजिम लाग्ने वा लागेको गैरकर राजश्व सम्झनु पर्छ ।

(ज) **"परिवार"** भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नि र अंश छुट्टिए वा नछुट्टिएका नाबालिक सन्तान सम्झनु पर्छ ।

(झ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले कर्जन्हा नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने कर्मचारी सम्झनु पर्छ ।

(ञ) **"फर्म"** भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको संस्थालाई सम्झनु पर्छ ।

(ट) **"व्यक्ति"** भन्नाले कर तिर्नुपर्ने दायित्व भएका जुनसुकै व्यक्ति सम्झनु पर्छ ।

(ठ) **"सभा"** भन्नाले कर्जन्हा नगरपालिकाको नगर सभा सम्झनु पर्छ ।

(ड) **"कार्यालय प्रमूख"** भन्नाले नगरपालिकाको प्रमूख प्रशासकीय अधिकृतको रुपमा काम गर्ने कर्मचारी सम्झनु पर्छ ।

(ढ) **"संविधान"** नेपालको संविधान सम्झनु पर्छ ।

(ण) **"नगरपालिका"** कर्जन्हा नगरपालिकालाई सम्झनु पर्छ ।

(त) **"आर्थिक ऐन"** भन्नाले कर्जन्हा नगरपालिकाको सभावाट स्विकृत आर्थिक ऐनलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## राजश्व सम्बन्धी सामान्य सिद्धान्त

३. **कर तथा गैरकर राजश्व सम्बन्धी सामान्य सिद्धान्तः** (१) कर राजश्व लगाउदा वा उठाउदा देहायका सिद्धान्तलाई आधार लिईनेछ :–

(क) कर तिर्न सक्ने क्षमताका आधारमा,

(ख) कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी,

(ग) सरल, पारदर्शी र मितव्ययी हुने गरेर,

(घ) नागरिकलाई सुविधा हने किसिमवाट,

(ङ) स्वच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरण सृजना गरेर,

(च) करको आधार, करको दर र कर तिर्ने अवधी निश्चीत गरेर ।

(१) गैरकर राजश्व लगाउँदा र उठाउँदा उपलब्ध गराइने सेवा, सहुलियत र सुविधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी लगाइने र उगाइनेछ ।

## परिच्छेद-३

## कर प्रशासन सम्बन्धी व्यवस्था

४. **कर प्रशासनः** (१) नेपालको संविधानको व्यवस्था अनुरुप आफ्नो अधिकारक्षेत्रभित्रको कर तथा गैरकरको प्रशासन नगरपालिकाले गर्नेछ ।

(२) उपदाफा (१) बमोजिमको कर प्रशासन व्यवसायिक, दुरुस्त र प्रभावकारी बनाउन आवश्यकता अनुसार शाखा, उपशाखा वा एकाई रहन सक्नेछन् ।

५. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकावाट आवश्यकताका आधारमा स्वीकृत दरवन्दी अनुसारका राजश्व शाखा वा उपशाखामा विभिन्न तहका कर्मचारी रहन सक्नेछन् ।

(२) राजश्व व्यवस्थापन शाखा वा उपशाखामा नगरपालिकाले आवश्यकताका आधारमा प्रचलित कानून बमोजिम स्वीकृत दरवन्दी अनुसार एक वा सो भन्दा बढी तह तथा संख्यामा काममा लगाउन सक्नेछ ।

६. **कर अधिकृतको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) करदाता दर्ता गर्ने गराउने,

(ख) करदातावाट विवरण प्राप्त गर्ने गराउने,

(ग) कर परिक्षण तथा अध्ययन, अनुसन्धान गर्ने,

(घ) कर संकलनका लागि करदाता शिक्षा, घरदैलो अभियान सञ्चालन गर्ने,

(ङ) कर तथा गैरकर राजश्व चुहावट रोक्न आवश्यक कार्य गर्ने,

(च) करदातामैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने,

(छ) कर संकलनका लागि वडामा खटिएका कर्मचारीहरुलाई क्षमता विकास तालिम व्यवस्थापन गर्ने,

(ज) कर कानून र कर प्रशासनका क्षेत्रमा सुधार गर्नुपर्ने विषयमा नगरपालिकालाई सुझाव दिने,

(झ) राजश्व प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने,

(ञ) करदाताका खातापाता र हरहिसाव दुरुस्त राख्न लगाउने,

(ट) कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने,

(ठ) कर सम्बन्धी अनय काम गर्ने ।

७. **अधिकार प्रत्यायोजन :** (१) प्रमुख प्रशासकीय अधिकृतले संविधान र यस ऐन बमोजिम आफूमा रहेको कर तथा राजश्व उठाउने अधिकार कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कर अधिकृतले आफुलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरी आफू मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) कर अधिकृतले आफुलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा नगरपालिकाबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ ।

८. **प्रत्यायोजित अधिकार र जिम्मेवारी :** (१) दफा ७ बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ ।

(२) दफा ७ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने प्रति पुर्णरुपमा उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद –४

## कर राजश्व सम्बन्धी व्यवस्था

९. **सम्पत्ति कर:** (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेको सम्पत्ति कर लगाउने भनी तोकेको घर र जग्गामा नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमका दले सम्पत्ति कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिमको सम्पत्ति कर लगाउने भनी तोकेको घर र जग्गा बाहेकका बाँकी जग्गा भएमा दफा १४ बमोजिम भूमिकर (मालपोत) लगाउन र असुल उपर गर्नु पर्नेछ ।

(३) नगरपालिकाले आफ्नो क्षेत्र भित्रको घर जग्गाको अभिलेख प्रत्येक वर्ष दुरुस्त विवरण तयार गरि राख्नु पर्नेछ ।

(४) कर निर्धारणका लागि सम्पत्ति मुल्यांकन देहाय बमोजिम गरिनेछ :

क) घरको बनौट (पक्कि कच्चि वा) ।

ख) घरजग्गा सँग सडक वा बाटो जोडिएको वा नजोडिएको र जोडिएको भए पक्की, ग्राभेल, कच्ची वा गोरेटो जस्तो बाटोको प्रकृति र राजमार्ग, मूख्य सडक वा सहायक सडक सँगको दूरी ।

ग)    घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था ।

घ)    सम्पत्ति मुल्यांकन गर्दा अनूसूची १ बमोजिम ह्रासकट्टी गरी खुद सम्पत्ति कायम  गरिनेछ ।

ङ)    खण्ड (घ) बमोजिम कायम भएको खुद सम्पत्तिमा सात प्रतिशत मर्मत संभार खर्च    कट्टी गर्न दिइनेछ ।

(५)  उपदफा (४) बमोजिम घर जग्गा मूल्याँकन गर्न देहायको घर जग्गा मूल्याँकन समिति गठन    गर्न सक्नेछः

क) प्रमुख प्रशासकीय अधिकृतले तोकेको ईन्जिनियर वा प्राविधिक, संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको घरजग्गा सम्बन्धी विज्ञ एक जना, सदस्य

ग) राजश्व शाखा वा उपशाखाका प्रमुख, सदस्य सचिव

(६)  घरजग्गा मूल्याँकन समितिले स्थानीय तहको कुनै पदाधिकारी वा अधिकृत वा अन्य कुनै विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(७) घर जग्गा मूल्याँकन समितिले प्रत्येक तिन वर्षमा घर जग्गा मूल्याँकनका आधारमा दररेटको सुझाव सिफारिस गर्न सक्नेछ ।

(८) घर जग्गा मूल्याँकन समितिले बैठकको कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ ।

(९) समितिको बैठक भत्ता नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(१०) सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको स्वामित्व देहायको व्यक्तिमा रहेको मानिनेछः

क) आर्थिक वर्षको पहिलो दिन जुन सम्पत्ति जसको स्वामित्वमा रहेको छ सो सम्पत्ति सोही व्यक्तिको नाममा ।

ख) कुनै सम्पत्ति एक भन्दा बढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमा स्वामित्व    स्पष्ट भएकोमा सोही अनुसा र अन्यथा सबैको बरावर हक ।

(११) करदाताले प्रत्येक वर्ष स्वयं कर निर्धारण गरी आश्विन मसान्त भित्र नगरपालिकामा विवरण पेश गर्नुपर्नेछ ।

(१२) यस दफा बमोजिम दाखिला गर्नुपर्ने कर प्रत्यक वर्षको आश्विन मसान्त भित्र नगरपालिकामा दाखिला गर्नुपर्नेछ ।

(१३) नाबालकको नाममा रहेको सम्पत्तिमा लाग्ने सम्पत्ति कर दाखीला गर्ने दायित्व निजको संरक्षक वा माथवर व्यक्तिको हुनेछ ।

(१४) एक आर्थिक बर्षको सम्पत्ति कर एकमुष्ट अग्रीम रुपमा श्रावण महिना भित्र दाखिला गर्ने घर धनीलाई सम्पत्तिमा कर दश प्रतिशत छुट दिइनेछ ।

१०. **घर बहाल कर**: (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र बहालमा लगाएको घर बहाल आय रकमको १० (दश) प्रतिशतका दरले घर बहाल कर लगाई असुल उपर गर्नेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनका लागि घर भन्नाले भवन, गोदाम, टहरा (सेड), कारखाना र यस्तै पक्की वा कच्चा संरचनालाई सम्झनु पर्छ ।

(२) घर बहालमा लगाउने व्यक्ति घर बहाल करको करदाता हुनेछ । कम्पनी वा संस्था मार्फत घर बनाई घर बहालमा दिएको हकमा उक्त कम्पनी वा संस्था घर बहाल करको करदाता हुनेछ ।

(३) घर बहालमा दिँदा प्रत्येक घरधनीले सम्झौता गरी त्यस्तो सम्झौताको प्रति वा सम्झौताको संशोधन गरिएकोमा सोको विवरण सो कार्य दिन भएको मितिले पैंतिस दिन भित्र नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै कार्यालय, कम्पनी, फर्म, एजेन्सी, परामर्शदाता वा जुनसुकै प्रकारको संगठित संस्थाले घर बहालमा लिएकोमा बहाल भुक्तानी गर्दा अग्रीम कर कट्टी गरी घरधनीका तर्फबाट नगरपालिकामा घर बहाल कर बुझाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नुपर्ने घर बहाल कर कट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र दाखिला गर्नु पर्नेछ ।

(६) घर बहालको प्रयोजनका लागि नगरपालिकाले नगरपालिकाको आर्थिक ऐनमा मासिक घर बहाल रकम निर्धारण गरी लागु गर्न सक्नेछ ।

(७) न्युनतम मासिक घर बहाल रकम निर्धारण सम्बन्धी अन्य व्यवस्था नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

(९) एक आर्थिक बर्षको घर बहाल कर एकमुष्ट अग्रीम रुपमा श्रावण महिना भित्र दाखिला गर्ने घर धनीलाई घर बहाल करमा दश प्रतिशत छुट दिइनेछ ।

(१०) नक्शा पान नगरी बहालमा लगाएका घर, गोदाम, टहरा, छप्पर (सेड), कारखानाहरुमा समेत बहालकर लगाइनेछ ।

**११. विज्ञापन कर :** (१) नगरपालिकाले सूचनापाटि (होर्डिङ बोर्ड) मा विज्ञापन कर लगाई असुल गर्न सक्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिमको विज्ञापन कर शुल्क अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम नगरपालिकाले असुल गरि सो वापत प्राप्त रकम मध्ये चालीस प्रतिशत प्रदेश सरकारको संचित कोषमा दाखिला गर्नेछ ।

(३) विज्ञापन कर विज्ञापन राख्न अनुमतिका लागि निवेदन दिनेबाट असूल गरिनेछ ।

(४) यस ऐन बमोजिम असुल गरेको विज्ञापन करको रकम असुल गरेको महिना भन्दा पछिको २५ गते भित्र प्रदेश सरकारमा बुझाउनु पर्नेछ । तथापी नगरपालिकाको ठेक्का बन्दोवस्त गरेका ठेक्केदार, फर्म, संस्था वा व्यक्तिबाट नगरपालिकामा रकम दाखिला गरेको एक महिनामा भित्रमा प्रदेश संचित कोषमा रकम दाखिला गरिनेछ ।

(५) यस दफा बमोजिमको विज्ञापन सामाग्री राख्न नगरपालिकाको अनुमति लिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको अनुमति पत्र दिंदा सर्वसाधारण जनताको हित सम्बन्धी अन्य कुराका अतिरिक्त विज्ञापन राख्न पाउने अवधि, नविकरण गर्नुपर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क सौन्दर्य बिगार्न नहुने कुरा, सामाग्रीको भाषिक शुद्धता र शालीनता जस्ता शर्त किटान गरिएको हुनु पर्नेछ ।

(७) कुनै कम्पनी, फर्म, एजेन्सी, संस्था वा व्यक्तिले अरु कसैले प्रयोजन गरेको सूचनापाटि ( होर्डिङ बोर्ड) राखेमा यस दफा बमोजिमको विज्ञापन कर सम्बन्धित प्रायोजकबाट असूल गरी राजश्व शाखामा वा नगरपालिकाको ठेक्का बन्दोवस्त गरेको अवस्थामा ठेक्का कवोल गर्ने संस्थामा दाखिला गर्नुपर्नेछ ।

(८) नेपाल सरकार वा प्रदेश सरकार वा सरकारी संस्थाका जग्गा वा सम्पत्ति (पोल आदि समेत) मा विज्ञापन सामाग्री राखेमा कर उठाउनु अघि राजश्व हेर्ने शाखा वा संरचनाले सो निकायसँग समन्वय गरि कर असुल गर्नुपर्नेछ ।

(९) व्यापारिक वा व्यवसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको कर छुट वा मिनाहा हुनेछैन ।

(१०) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट भएको विज्ञापन र धार्मिक, साँस्कृतिक तथा सचेतनामूलक विज्ञापनमा कर लाग्ने छैन ।

१२. **व्यवसाय कर:** (१) नगपालिकाले आफ्नो क्षेत्र भित्रको उद्योग, कलकारखाना, व्यापार, व्यवसाय वा सेवामा पूजींगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय दर्तामा र नवीकरणमा बार्षिक व्यवसाय कर लगाउन र उठाउनेछ ।

(२) एकै व्यक्तिले आफ्नो नाममा एक वा एकै प्रकृतिका व्यवसाय वा शाखा एक वा सो भन्दा बढी स्थानमा संचालन गरेकोमा ६० दिन भित्र सोको जानकारी नगरपालिकाको राजश्व हेर्ने शाखा वा संरचनालाई दिनुपर्नेछ । कुनै करदाताले अग्रीम रुपमा ५ वर्षको कर एकमुष्ठ बुझाउन चाहेमा त्यस वापतको लाग्ने रकममा १० प्रतिशत छुट दिइनेछ ।

(३) यस दफा बमोजिमको व्यवसाय कर बार्षिक रुपमा बुझाउनु पर्नेछ । कुनै करदाताले अग्रीम रुपमा ५ वर्षको कर एकमुष्ठ बुझाउन चाहेमा त्यस वापत लाग्ने रकममा १० प्रतिशतले छुट दिइनेछ ।

(४) करदाताले व्यवसाय संचालन गर्दा निवेदन पेश गरेका विवरण हेरफेर परिवर्तन वा नामसारी गर्नुपर्ने भएमा त्यसको कारण परेको मितिले साठी (६०) दिनभित्र नगरपालिकाको राजश्व हेर्ने शाखा वा संरचनामा जानकारी दिनुपर्नेछ ।

(५) कर अधिकृतले करदाताले यस दफा बमोजिम पेश गरेको विवरण छानविन गरी अन्यथा देखिए यथार्थ विवरण पेश गर्न तीस दिनको म्याद दिई करदातालाई सूचना दिन सक्नेछ ।

(६) एकपटक व्यवसाय दर्ता भए पछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय संचालनमा रहेको मानी कर असूल गरिनेछ ।

(७) कुनै करदाताले लाग्ने कर बुझाई व्यवसाय दर्ता खारेज गर्न निवेदन दिन सक्नेछ ।

(८) नगरपालिकाबाट इजाजत नलिई निर्माण गरिएका भौतिक संरचनामा व्यवसाय सञ्चालन गर्नुपरेमा सम्पत्ति कर, व्यवसाय कर र बहालमा भएमा यसै कानून बमोजिम बहाल कर लाग्ने छ ।

१३. **जडीबुटी, कवाडी र जीवजन्तु कर :** नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस (खर), कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरे वापत नगरपालिकाले जडीबुटी, कवाडी तथा जीवजन्तु कर लगाउनेछ ।

## परिच्छेद–५

## करदाता दर्ता सम्बन्धी व्यवस्था

**१४.** **करदाताको पहिचान दर्ताः** (१) नगरपालिका क्षेत्र भिब व्यवसाय संचालन गर्नुपूर्व दर्ता गरेर मात्र व्यवसाय संचालन गर्नु पर्नेछ ।

(२) नगरपालिकाको राजश्व शाखा वा सो सम्बन्धी एकाई यस ऐन बमोजिम कर तिर्नुपर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ ।

**१५.** **करदाताको दायित्व**ः यस ऐन बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिम दायित्व हुनेछः

(क) आफूलाई करदाताको रुपमा दर्ता गराउने,

(ख) निर्धारित समयमा विवरण पेश गर्ने,

(ग) निर्धारित समयमा कर दाखिला गर्ने,

(घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा ब्याज बुझाउनु पर्ने भए समयमा बुझाउने,

(ङ) हिसाब किताब र अभिलेख दुरुस्त राख्ने,

(च) कर अधिकृतले मागेको सूचना तथ्याँक समयमा उपलब्ध गराउने,

(छ) कर एकाईलाई आवश्यक सहयोग गर्ने ।

**१६.** **करदाताको अधिकारः** (१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछ :

(क) सम्मानपूर्वक व्यवहारको अधिकार,

(ख) प्रचलित कानून बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार,

(ग) प्रतिरक्षाका लागि कानून व्यवसायी वा लेखापरिक्षक नियुक्त गर्ने अधिकार ।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावी गर्न आफ्नो दायित्व पूरा गरेको हुनुपर्नेछ ।

१७. **करदाताको प्रतिनिधित्वः** (१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखापरिक्षक वा निजले लिखित रुपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिबाट गरिएका कारबाही करदाता स्वयंले गरेको मानिनेछ ।

## परिच्छेद–६

## विवरण दाखिला सम्बन्धी व्यवस्था

१८. **विवरण दाखिला गर्न आदेश दिन सक्नेः** (१) यस ऐन बमोजिम कर बुझाउनुपर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ । त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले एक महिना भित्र राजश्व शाखामा विवरण दाखिला गर्नु पर्नेछ ।

१९. **विवरण सच्याउन सकिनेः** यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भइसकेपछि कुनै तथ्य सम्बन्धी वा गणीतिय भुल भएको भन्ने लागेमा करदाताले पहिला विवरण दाालिा भएको मितिले एक (१) महिना भित्र यथार्थ तथ्य र सही अंक सहितको अर्को विवरण पेश गर्न सक्नेछ ।

## परिच्छेद–७

## कर दाखिला सम्बन्धी व्यवस्था

२०. **कर दाखिला गर्नु पर्नेः** (१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर ऐनको परिच्छेद ४ मा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र नगरपालिकाको राजश्व शाखा वा सो हेर्ने एकाई वा वडा कार्यालयमा दाखिला गर्नुपर्नेछ, अन्यथा आर्थिक ऐनमा उल्लेख भए बमोजिम थप जरिवाना लाग्नेछ ।

(२) यस ऐन बमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नुपर्ने कर कर कट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र नगरपालिकाको राजश्व शाखा वा सो हेर्ने एकाई वा वडा कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

२१. **कर दाखिलाको निस्सा दिनुपर्ने** : करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजश्व वा अन्य रकम बुझाएपछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ।

## परिच्छेद–८

## कर फिर्ता र समायोजन

२२. **कर फिर्ता सम्बन्धी व्यवस्थाः** (१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नुपर्ने भन्दा बढी दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम फिर्ता दिने निर्णय गर्नुपर्नेछ । सोही आवमा तिर्नुपर्ने भन्दा बढी बुझाएको रहेछ भने सोही आव भित्रमा रकम फिर्ताका लागि माग गरेमा मात्र रकम फिर्ता गरिनेछ, अन्यथा रकम फिर्ता गरिने छैन ।

२३. **कर समायोजन सम्बन्धी व्यवस्थाः** करदाताले दफा २४ बमोजिम फिर्ता पाउने ठहरिएको रकम उपदफा २ (१) बमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम रकम फिर्ता तथा समायोजन गर्नेछ ।

## परिच्छेद–९

## कर परिक्षण र कर निर्धारण

२४. **कर परिक्षण र कर निर्धारणः** (१) यस ऐन बमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परिक्षण गरी कर निर्धारण गरिनेछः

(क) खातापाता, हरहिसाब वा अभिलेख दुरुस्त नदेखिएमा,

(ख) गलत वा झुट्टा कागजात विवरण संलग्न गरेको देखिएमा,

(ग) यथाथ कारोबार नेदेखाएको विश्वास गर्नुपर्ने कारण भएमा,

(घ) कारोवारका आधारमा करको दायित्व कम देखाएकोमा,

(ङ) कारको दर फरक पारेकोमा,

(च) कानून बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा पनि सोको दावी गरेकोमा ।

(२) उपनियम (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्याद भित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेमा कानून बमोजिम कर निर्धारण गर्नु पर्नेछ ।

(५) स्वयं कर निर्धारण गरी विवरण पेश गरेको मितिले तीन वर्ष भित्र कर अधिकृतले पुनः कर निर्धारण वा संशोधिक कर निर्धारण गर्नुपर्ने संतोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्नेछ ।

२५. **कर निर्धारणको सूचनाः** (१) यस ऐन बमोजिम कर अधिकृतवाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सिमा र बैंक खाता नमबर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ ।

(२) यस ऐन बमोजिम कर दाखिला गर्दा निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लेखित स्थान र समय सिमा भित्र दाखिला गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको सम्बन्धित भौचर नगरपालिकाको राजश्व शाखा वा सो कार्य गर्न तोकिएको एकाई वा वडा कार्यालयमा बुझाउनु पर्नेछ ।

## परिच्छेद–१०

## कर संकलन सम्बन्धी व्यवस्था

२६. **कर संकलन सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर, व्याज र शुल्क वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतले पूर्व स्वीकृति लिई देहायको एक वा एकभन्दा बढी तरिका बमोजिम कर असूल गर्न सक्नेछः

(क) करदातालाई फिर्ता गर्नुपर्ने रकम भए,

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर,

(ग) कुनै तेश्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पूर्व सहमति दिई कट्टा गरेर,

(घ) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर,

(ङ) करदाताको कारोवार रोक्का गरेर,

(च) करदाताको चल तथा अचल सम्पत्ति माथि दावी वा कब्जा गरेर,

(छ) करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी तोकिए बमोजिम लिलाम बिक्री गरेर ।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम लिलामको कारवाही शूरु भएपछि सो कारवाही समाप्त हुनु पूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कूल रकमको थप पाँच प्रतिशत शुल्क सहित असूल गरिनेछ ।

२७. **किस्तावन्दीमा कर असूलीः** कुनै खास करदातालाई विशेष परिस्थितिको समयमा कर तिर्न नसक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुझ गर्दा कारण संतोषजनक देखिएमा विवरण तयार गरी बढीमा एक वर्ष भित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ । तर ढिला बुझाए वापत यस ऐन बमोजिम लाग्ने व्याज तथा हर्जाना मिनाहा हुनेछैन ।

## परिच्छेद–११

## जरिवाना शुल्क र व्याज

२८. **जरिवाना लाग्ने :** यस ऐनको पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर विगोको दश (१०) प्रतिशत जरिवाना गर्न सक्नेछ ।

२९. **व्याज लाग्ने :** यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझाएनु पर्ने रकमको बार्षिक (१०) प्रतिशत व्याज लाग्नेछ । ठेक्का बन्दोबस्त भएको हकमा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

३०. **अभिलेख नराखेमा शुल्क लाग्ने :** यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने कर्तव्य भएका करदाताले अभिलेख नराखेमा रु १००० । शुल्क लाग्नेछ ।

३१. **समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्ने** : यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण रु १००० । शुल्क लाग्नेछ ।

३२. **झुट्टा विवरण दिएमा शुल्क लाग्ने**: यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असूल गरी सो को दश (१०) प्रतिशत शुल्क लाग्नेछ ।

३३. **व्याज नलाग्ने** : यस ऐन बमोजिम लाग्ने शुल्क, व्याज र जरिवानामा पुनः व्याज लाग्ने छैन ।

## परिच्छेद–१२

## पूर्वादेश र प्रशासकीय पुनरावलोकन

३४. **पुर्वादेश माग गर्न सक्ने** : **(१)** कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर, दस्तुर, शुल्क वा ऐनका व्यवस्थावारे द्विविधा भएमा सो को निराकरणका लागि निजले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिएकोमा प्रमुख प्रशासकीय अधिकृतले द्धिविधा निराकरण गर्न पूर्वादेश जारी गरी करदातालाई सो पूर्वादेश उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भईसकेको विषयमा यस दफा बमोजिम पूर्वादेश जारी गर्न सकिने छैन ।

(४) उपदफा (१) बमोजिमको पूर्वादेश अदालतको आदेशबाट अन्यथा नभएसम्म कायम रहनेछ ।

३५. **प्रशासकीय पनरावलोकन हुन सक्ने** : यस ऐन बमोजिमका देहायको निर्णय माथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछ ।

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धी निर्णय,

(ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र गैरकर राजश्व तथा अन्य दस्तुर, शुल्क, व्याज सम्बन्धी निर्णय ।

३६. **प्रशासकीय पुनरावलोकनको प्रकृया :** (१) यस ऐन बमोजिमको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले ३० दिन भित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदन माथि ६० कार्यदिन भित्र कारवाही र किनारा गर्नु पर्नेछ ।

## परिच्छेद–१३

## पुनरावेदन

३७. **उजुरी नलाग्ने:** यो ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा उजुर लाग्ने छैन ।

३८. **पुनरावेदन दिन सक्ने:** (१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले ६० दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(२) जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद–१४

## गैरकर राजश्व

३९. **सेवा शुल्क :** **(१)** नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिËं, कायाकिËं, बञ्जी जम्प, जिपफ्लायर, र्‍याफ्टिङ्ग, प्याराग्लाईडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यावसायमा सेवा शुल्क लगाउनेछ ।

तर अर्को गाउँपालिका वा नगरपालिकासँगको सीमा नदी वा एकभन्दा बढी गाउँपालिका वा नगरपालिकालाई समेटेर सञ्चालन हुने सेवा वा व्यवसायमा शुल्क लगाउन्दा सम्बन्धित गाउँपालिका वा नगरपालिकासँग समन्वय गर्नु पर्नेछ ।

(२) नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्नेछ:

(क) खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहरमैला व्यवस्थापन, सरसफाइ, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायमशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रबास (हास्टेल), हाट बजार, पशु बधशाला, शव दाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बस पार्क, ढल, पुल, बत्ती जस्ता सेवा,

(ङ) सिफारिस सम्बन्धी कुनै सेवा,

(३) नगरपालिकाले उपदफा (१) र (२) मा उल्लिखित सेवा सुविधा उपलब्ध गराउने वा त्यस्तो सेवा सुविधा उपयोग गरे बापत लाग्ने सेवा शुल्क उठाउने कार्य आफैं गर्न वा व्यवस्थापन करार वा निजी क्षेत्र मार्फत गराउन सक्नेछ ।

४०. **<u>बिक्री गर्न सक्ने:</u>** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य बस्तुको बिक्री गर्न सक्नेछ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम बिक्री बापत प्राप्त रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

४१. **<u>सामुदायिक वनबाट आय प्राप्त गर्ने:</u>** (१) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो बार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्विकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत कम नपाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(३) नगरपालिकाले बोलपत्रदातालाई निर्माणस्थलको यथार्थ जानकारी दिन नियम ६० बमोजिम हुने बैठक अघि निर्माणस्थलको भ्रमण गराउन सक्नेछ ।

४२. **पार्किङ्ग शुल्क :** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत पार्किङ्ग शुल्क लगाउन सक्नेछ ।

४३. **बहाल बिटौरी शुल्क:** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार वा पसल वा सरकारी जग्गामा बनेको संरचनाको उपयोग बापत बहाल बिटौरी शुल्क लागाउन सक्नेछ ।

४४. **डुँगा परिवहन (वोट सेवा) शुल्क:** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र संचालनमा रहेका डुँगा परिवहन (बोट सेवा) मा शुल्क लगाई उठाउन सक्नेछ ।

४५. **अन्य शुल्क लगाउन सक्ने:** नगरपालिकाले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को विपरित नहुने गरी आफुले प्रदान गरेको सेवा, सुविधा र व्यवस्थापन गरेका थप वा नयाँ क्षेत्र वा विषयमा शुल्क लगाउन सक्नेछ ।

४६. **छुट वा मिनाहा** : (१) नगरपालिकाले महामारी, विपत तथा खास अवस्थामा यस ऐन बमोजिम लाग्ने वा लागेको कर राजश्वमा आधार र कारण खुलाई आँशिक वा पूर्ण छुट दिन वा मिनाहा गर्न सक्नेछ । यसरी छुट दिँदा समान अवस्थाका सबै करदातालाई समान व्यवहार गरिनेछ ।

(२) नेपाल सरकार वा प्रदेश सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामग्री, कारोवारमा कर नलाग्ने व्यवस्था गरेकोमा नगरपालिकाले तत् तत् सरकारसँग समन्वय गरी कर छुट सम्बन्धी सो व्यवस्थाको पालना गर्ने गराउनेछ ।

## परिच्छेद–१५

## समन्वय सम्बन्धी व्यवस्था

४७. **नेपाल सरकार सँग समन्वय :** (१) नगरपालिकाले संघीय कानून वा यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर वा गैरकर राजश्व असूल गर्न एकद्धार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्धार प्रणाली अपनाउन नगरपालिका वा नगरपालिकाले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग कर असुलीका लागि समन्वय गर्न सक्नेछ ।

(३) नगरपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैरकर राजश्वका आधार र दर वा कर प्रशासनका सम्बन्धमा नेपाल सरकार सँग समन्वय गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरी टुँगोमा पुगिएको विषयहरु यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

४८. **प्रदेश सरकारसँग समन्वयः** (१) नगरपालिकाले प्रदेश कानून वा यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर वा गैरकर राजश्व असूल गर्न एकद्धार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्धार प्रणाली अपनाउन कर अधिकृतले प्रदेश सरकारसँग समन्वय गर्नुपर्नेछ ।

(३) नगरपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैर कर राजश्वका आधार वा कर प्रशासनका संबन्धमा प्रदेश सरकारसँग समन्वय गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अर्न्तगत समन्वय गरिएका विषयहरु यस ऐनमा परे सरह मानिने छ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

४९. **केन्द्रीय बैंकसँग समन्वय :** (१) नगरपालिकाले कर र गैरकर राजश्व स.कलनका सम्बन्धमा केन्द्रीय बैंक (बाणिज्य) सँग समन्वय गरी आवश्यक व्यवस्स्था गर्न सक्नेछ ।

५०. **अन्य निकाय सँग समन्वय** : नगरपालिकाको कर अधिकृतले कर तथा गैरकर राजश्वसँग सम्बन्धित विषयमा नेपाल सरकार र प्रदेश सरकार अर्न्तगतका सरकारी निकाय, बैंक वा संस्थाहरु सँग समन्वय गर्न सक्नेछ ।

## परिच्छेद–१६

## राजश्व प्रस्ताव तर्जुमा तथा सूचना सम्बन्धी व्यवस्था

५१. **राजश्व सम्बन्धी नयाँ प्रस्तावः** (१) नगरपालिकाले कर तथा गैरकर सम्बन्धी नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवालासँगको राय सल्लाह र परामर्शमा गर्न सक्नेछ ।

५२. **सूचना सार्वजनिक गर्नुपर्नेः** (१) यस कानून बमोजिम नगरपालिकाले लागाएको कर र गैरकर राजश्व उठाउने कार्यालयको प्रमखले सो कर र राजश्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना सर्वसाधारणको लागि सार्वजनिक गर्नु पर्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिमका कर राजश्वका दर र त्यसमा भएको हेरफेर समेत मिलाई नगरपालिकाको वेभसाइट मार्फत सार्वजनिकीकरण गर्नु पर्नेछ ।

(३) नगरपालिकाले कर र राजश्वका दर सम्बन्धी विवरण केन्द्रीय सूचना प्रणालीमा समेत राख्ने प्रयोजनका लागि नेपाल सरकार अर्थ मन्त्रालय वा सो मन्त्रालयले तोकेको कार्यालय तथा प्रदेश सरकारलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद–१७

## विविध

५३. **विद्युतिय माध्यमको प्रयोग गर्न सक्ने :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाले विद्युतिय माध्यम (अनलाइन) बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण पेश गर्ने, कर लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखिला गर्ने एवं कर वा त्यस्तो रकम बुझाएको रसिद दिन लगायतका कर सम्बन्धी अन्य काम कारवाही गर्न सक्नेछ ।

५४. **अनुसूचीमा हेरफेरः** नगर कार्यपालिकाले यस ऐनको अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ र त्यसरी गरिएको हेरफेरको सूचना सभाको बैठक बसेको भए बैठकमा र तत्काल बैठक नबसेको भए कार्यपालिकाले अनुमोदन गरी त्यस पछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नु पर्नेछ ।

५५. **कागजातको ढाँचाः** (१) यो ऐन र यस ऐन अर्न्तगत बनेका कार्यविधि तथा निर्देशिकामा उल्लेख नभएको वा नतोकीएको कुनै विवरण, ढाँचा, तरिका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपयुक्त देखिएमा नगरपालिकाले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका आदेश वा सूचना सर्वसाधारणको जानकारीको लागि नगर कार्यपालिकाको कार्यालयको सूचना पाटी, वेभसाइट र स्थानीय पत्रपत्रिकाको माध्यमबाट उपलब्ध गराउन सकिनेछ ।

५६. **सूचना तामेली रित पुगेको मानिने :** (१) यस ऐन बमोजिम दिनुपर्ने म्याद सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिएको मानिनेछः

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको पत्र,

(ख) निजको एकासगोलको परीवारको उमेर पुगेको सदस्यलाई बुझाएको,

(ग) निजको कानून व्यवसायी वा लेखापाललाई बुझाएको,

(घ) नाबालिकको हकमा संरक्षक वा माथवर व्यक्तिलाइ बुझाएको,

(ङ) कार्यालय संस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको,

(च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको, इमेलतथा वेवसाइट मार्फत सूचना प्रवाह गरेको ।

**५७. <u>कागजातको अभिलेख राख्ने :</u>** (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहाय बमोजिमका आवश्यक कागजातहरु सुरक्षित गरी राख्नुपर्नेछ :

(क) यस ऐन बमोजिम नगरपालिकामा पेश गर्नु पर्ने कागजात र सो लाई पुष्ट्याई गर्ने सूचना तथा कागजात,

(ख) कर निर्धारण गर्ने सघाउ पुर्‍याउने कागजातहरु,

(ग) खर्च कट्टी गर्नु पर्ने भए सोलाई पुष्ट्याई गर्ने कागजात ।

(२) नगर कार्यपालिकाले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेमा बाहेक यस दफा बमोजिमका कागजातहरु सम्बन्धित आर्थिक वर्ष समाप्त भएको मितिले कम्तिमा ४ वर्षको अवधि सम्म सुरक्षित राख्नु पर्नेछ ।

**५८. <u>अदालतलाई भए सरहको अधिकार हुने:</u>** यस ऐनको प्रयोजनको लागि नगर कार्यपालिकाको अधिकार प्राप्त अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रामाण बुझने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित कानून बमोजिम अदालतलाई भए सरहेको अधिकार हुनेछ ।

**५९. <u>आदेश वा निर्देशनको पालना सम्बन्धमा:</u>** संघीय र प्रदेश सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउन नेपालको संविधान र संघीय तथा प्रदेश सरकारको कर सम्बन्धी कानून र यो ऐनको प्रावधानलाई कार्यान्वयन गर्न गराउन आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ । यस्तो आदेश वा निर्देशन पालना गर्नु नगर कार्यपालिकाको कर्तव्य हुनेछ ।

**६०. <u>कर अधिकृतको परिचयपत्र</u> :** (१) राजश्व शाखा वा सो हेर्ने एकाईमा काम गर्ने कर अधिकृत र अन्य कर्मचारीले परिचयपत्र आफ्नो साथमा राख्ने, काम गर्ने समयमा लगाउने र कर्तव्य पालनाको सिलसिलामा परिचयपत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ ।

**६१. <u>विभागिय कारवाही र सजाय हुने :</u>** (१) कर अधिकृत वा कर प्रशासन सँग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानि नोक्सानी

पुर्‍याउने, करको दायित्व घटी बढी गर्ने, समान अवस्थामा करदाता वीच असमान व्यबार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुर्‍याउने वा करदाताबाट आफ्नो वा कसैको निजि स्वार्थ पुर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानून बमोजिम गर्नु पर्ने काम समयमा नगरी दुख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुर परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानविन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कानून बमोजिम अनुचित कार्य गरेको कुरा खुल्न आएमा अधिकार प्राप्त अधिकारीले आवश्यक कारवाही गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम छानविन गर्दा प्रचलित कानून बमोजिम अनुचित कार्य गरेको कुरा खुल्न आएमा अधिकार प्राप्त अधिकारीले आवश्यक कारवाही गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम छानविन कार्वाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धी कानून बमोजिम निलम्बन गर्न सक्नेछ ।

(५) उपदफा (२) बमोजिम छानविन गर्ने अवधिभर सम्बन्धित कर्मचारीलाई जिम्मेवारीबाट अलग राखिनेछ ।

(६) उपदफा (३) बमोजिमको छानविन गर्ने र सम्बन्धित कर्मचारीलाई जिम्मेवारीबाट अलग राख्ने अवधि ३० दिन भन्दा बढी हुने छैन ।

६२. **पुरष्कृत गर्न सक्ने :** (१) नगरपालिकाले यथार्थपरक विश्वसनिय रुपमा तथा कानूनले तोकेको म्याद भित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने तीन जना करदातालाई प्रत्येक वर्ष पुरष्कार दिने व्यवस्था गर्न सक्नेछ ।

(२) राजश्व वृद्धि गर्न उल्लेखनीय कार्य गरेमा नगर कार्यपालिकाले पुरष्कृत गर्न सक्नेछ ।

(३) उपदफा (१, २) बमोजिम दिइने पुरष्कार सम्बन्धी अन्य व्यवस्था नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

६३. **हद म्याद नजाने :** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि यस ऐन बमोजिम म्याद वा हद म्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरीनेछः

क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य निकायबाट रोक्का वा स्थगन भएको अवधि ,

(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तीम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि ।

६४. **नियम, निर्देशिका वा दिग्दर्शन बनाउन सक्ने :** (१) यस ऐन बमोजिमको काम प्रभावकारी रुपमा गर्न र उद्देश्य प्राप्तिका लागि नगर कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा दिग्दर्शन बनाउन सक्नेछ ।

६५. **खारेजी तथा बचाऊ :** (१) कर्जन्हा नगरपालिकाको कर तथा गैर कर राजश्व लगाउने र उठाउने सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०७७ खारेज गरिएको छ ।

(२) यो ऐन लागु हुनु भन्दा पहिले प्रचलित नेपाल कानुन र कर्जन्हा नगरपालिकाको कर तथा गैर कर राजश्व लगाउने र उठाउने सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०७७ बमोजिम भएका कामकारवाही यसै ऐन वमोजिम भएको मानिने छ ।

## अनुसूची - १

## दफा ९ उपदफा (४) को (घ) संग सम्बन्धित

## ह्रासकट्टी गर्ने तरीका

यस ऐन बमोजिम सम्पतिको ह्रासकट्टी गर्ने तरीका समान कट्टी तरीका (यूनिफर्म चार्ज मेथड) को फिक्सड

इन्सटालमेन्ट मेथड अनूसार हूनेछ। यसको गणना देहाय बमोजिम गर्नू पर्नेछ।

सूत्रः

ह्रासकट्टी रकम = $\frac{\text{सम्पत्तिको प्रारम्भीक मुल्य (अनूमानित शेष मूल्य}}{\text{सम्पत्तिको आयू (बर्ष)}}$

उदाहरण कूनै सम्पतिको मुल्य शुरुमा रु. १००००००।०० छ। यसको आयु २० बर्ष छ। २० बर्ष पछि यो

सम्पति बिक्री गर्दा रु.२०००००।०० आउछ भने यसको प्रति बर्ष ह्रासकट्टी रकम निम्नानुसार हून्छ।

ह्रसकट्टी रकम = $\frac{१००००००-२०००००}{२०}$

= $\frac{८०००००}{२०}$

= ४००००।

प्रति बर्ष रु ४००००। ह्रसकट्टी खर्च घटाउन पाइन्छ।

अज्ञाले

बुद्धिमान दनुवार

प्रमुख प्रशासकिय अधिकृत